कालिमाटी गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यालय
रामपुर, सल्यान
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या:२०८१/०८२ प्रथम पटक सूचना प्रकाशित मिति:२०८१/०८/१०

## गंगामाला मन्दिर तथा मेला व्यवस्थापन सम्वन्धी सुचना ।

स्थानीय सरकार संञ्चालन ऐन, २०७४ तथा कालिमाटी गाउँपालिकाको आर्थिक ऐन, २०८१ बमोजिम कालिमाटी गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने वडा नं. ३ स्थित गंगामाला भगवती मन्दिरमा मिति २०८१/०८/२९ गतेदेखि मिति २०८१/०९/०१ सम्म जम्मा ३ (तिन) दिनमा चढाईएका बोका/पाठाहरुको टाउका, खुट्टाहरुको व्यवस्थापन र मेला व्यवस्थापनको सम्पूर्ण कार्य गर्नको लागि रु.१,५०,०००।– (अक्षरुपी एकलाख पचास हजार मात्र) नघटाई बढीबढाउमा ठेक्का टेण्डर गर्ने कालिमाटी गाउँकार्यपालिकाको मिति २०८१/०८/०९ गतेको निर्णय बमोजिम ईच्छुक ब्यक्ति, फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नवीकरण भएको प्रमाणपत्रहरु संलग्न गरी तथा उक्त कार्य गर्न योग्य भएको स्वःघोषणा पत्र संलग्न गरी यो सुचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयमा तपसिलमा रहेका शर्तहरुको अधिनमा रही रितपूर्वक ठेक्का बोलकवोल गर्नको लागि यो सुचना प्रकाशन गरिएको छ ।

.................
हर्क बहादुर वली
प्रमुख प्रशासकीय अधिकृत

**शर्तहरुः**

**मन्दिर क्षेत्रः**

१. मिति २०८१/०८/२९ गतेदेखि मिति २०८१/०९/०१ गतेसम्मको दैनिक गंगामाला मन्दिरमा दर्शन गर्न आउने भक्तालुहरुले भाकल स्वरुप ल्याउने पशुपंक्षीका टाउका तथा खुट्टाहरु बिक्री वितरण गर्ने ।
२. टाउका, खुट्टाको दैनिक चलन चल्तीको दर प्रति के.जी रु. २५०।– (अक्षरुपी दुईसय पचास मात्र) नवढाई विक्री गर्ने ।
३. मिति २०८१/०८/२९ गतेदेखि मिति २०८१/०९/०१ जम्मा ३ (तिन) दिनको पुजारी तथा मन्दिर लेखापालले पाउने नियमानुसार खाईपाई आएको अतिरिक्त पारिश्रमिक बोलकवोलवाला ब्यक्ति तथा फर्मले ब्यहोर्नुपर्ने ।
४. ठेक्का दर्ता शुल्क रु. १०००।– (एक हजार) बुझाउनु पर्ने ।

**मेला क्षेत्रः**

१. मेला आसपासका क्षेत्रमा रेखाङ्कित स्टलहरुको व्यवस्थापन गर्ने ।
२. पार्किङ्गको छुट्टै व्यवस्थापन गर्ने तर पार्किङ्ग शुल्क लिन नपाईने ।
३. मेला क्षेत्रको व्यापारिक स्टलहरुको लागि प्रति बर्गमिटर रु.२००।- (अक्षरुपी दुईसय मात्र) लिनुपर्ने ।
४. मेला क्षेत्रको ५०० मिटर आसपासमा होहल्ला, जुवातास, धुम्रपान तथा मद्यपान निषेधको सुचना जारी गरी मेला शान्तिपूर्ण रुपमा संञ्चालन गर्ने वातावरणको सृजना गर्नुपर्ने छ ।

नोटः बढीबढाउमा ठेक्का पार्ने व्यक्ति तथा फर्मले बोलकवोल गरेको शतप्रतिशत रकम यस कालिमाटी गाउँपालिका गाउँ कार्यपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गरेको भौचर वा रसिद पेश गरेर ठेक्का सम्झौता गर्नुपर्ने छ ।

ईमेलः ito.kalimatigaupalika@gmail.com
वेबसाईटः https://kalimatimun.gov.np